सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमति प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
चलानी नं.

मिति:२०८१/१२/२९

विषय :आफ्नो किता विवरण चेकजाँच गरि छुट किता भए वडा कार्यालय वा गाउँपालिका कार्यालयमा निवेदन दर्ता गर्ने सम्बन्धि ३५ दिने अन्तिम सूचना ।

श्री गाउँपालिकावासी आम जनसमुदाय ।

प्रस्तुत विषय सम्बन्धमा यस गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण कितागत विवरण,यस पुर्व प्रकाशित भई सकेको व्यहोरा यहाँहरु सबैले अवगत नै छ । भू-उपयोग क्षेत्र वर्गीकरणको कितागत विवरण, यस पुर्व प्रकाशित भई सकेता पनि यस गाउँपालिका क्षेत्र भित्रको केहि जग्गा धनिहरुको उल्लेखित विवरण छुट भएको भनि दिनहुँ गाउँपालिका कार्यालयमा गुनासो आइरहेको सन्दर्भमा छुट भएका जग्गाधनीहरुको भू-उपयोग क्षेत्र वार्गीकरणको कितागत विवरण गाउँपालिका स्तरीय भू-उपयोग कार्यान्वयन समिति र भू-उपयोग परिषदबाट निर्णय गराइ नापी कार्यालय धादिङ र मालपोत कार्यालय धादिङमा समावेश गर्ने प्रयोजनको लागि आफ्नो छुट भएको कितागत विवरण चेकजाँच गरि सो वार्गीकरणमा छुटेका वा गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि तयार गरिएको आधार, मापदण्ड र क्षेत्रफलहरु २०८०, वर्गीकरण सिमांकन मापदण्ड २०८० अनुसार वार्गीकरण फरक परेको भएमा अन्तिम पटक संशोधनको लागि यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो वडा कार्यालयमा वा गाउँपालिका कार्यालयमा निवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ ।

नोट : सिद्धलेक गाउँपालिका भू-उपयोग क्षेत्र वर्गीकरण कितागत विवरण, सिद्धलेक गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि तयार गरिएको आधार, मापदण्ड र क्षेत्रफलहरु, वर्गीकरण सिमांकन मापदण्ड, यस गौन्पलिकाको वेबसाइट www.siddhalekmun.gov.np बाट वा सम्बन्धित वडा कार्यालयमा प्राप्त गर्न सकिनेछ।

**निबेदन साथ पेश गर्न पर्ने कागजातहरु:**

१) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी ।
२) किता नापीको नक्सामा आफ्नो कितामा संकेत जनाई प्रतिलिपी पेश गर्ने ।
३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
४) कुन क्षेत्रमा परेको छ र कुन क्षेत्रमा संशोधन गर्न चाहनु हुन्छ, प्रष्ट हुने निवेदन

बोधार्थ:

श्री सिद्धलेक गाउँपालिकाको वडा कार्यालय सबै (व्यापक रुपमा सूचना सम्प्रेषण गर्न हुन)।
श्री सूचना तथा प्रविधि शाखा, सूचना गाउँपालिकाको वेबसाइटमा अपलोड गरि दिन हुन)

Website: www.siddhalekmun.gov.np Email: info@siddhalekmun.gov.np

Scanned with CamScanner